# एम्नेस्टी इन्टरनेसनल

## प्रेस विज्ञप्ती

AMNESTY INTERNATIONAL

**Embargoed until 00:01, 4 April 2019**

**नेपालः भोक (हंगर) अन्त्यका लागि खाद्य अधिकार कानुनको सुदृढिकरण तथा कार्यान्वयन गर ।**

यदि नेपालले आफ्ना जनतालाई भोक (हंगर), कुपोषण तथा खाद्य असुरक्षाबाट मुक्त राख्ने हो भने भर्खरै लागू भएको खाद्य अधिकारसम्बन्धी नयाँ कानुनलाई सुदृढिकरण तथा कार्यान्वयन गर्नु पर्दछ, एम्नस्टी इन्टरनेसनलले भनेको छ ।

भोक (हंगर) दशक लामो आन्तरिक द्वन्द्वको एउटा कारक तत्व हो जसलाई अहिले पनि देशव्यापी रूपमा महशुस गरिएको छ । नेपालका करिब आधा घरपरिवारले खाद्य असुरक्षाको समस्या भोगेका छन् र दश प्रतिशतले "गम्भीर खाद्य असुरक्षा" झेलेका छन् । पाँच वर्ष मुनिका बालबालिकामध्ये आधालाई रक्तअल्पताको समस्या छ भने एकतिहाई भन्दा बढीले शारीरिक विकास अवरुद्धको समस्या भोगेका छन् ।

सन् २०२५ सम्म "शुन्य भोक (हंगर)"को लक्ष्यलाई हाँसिल गर्ने उद्देश्यका साथ नेपाल सरकारले ल्याएको खाद्य अधिकार तथा खाद्य सम्प्रभूतासम्बन्धी ऐन, २०७५ गत अशोज २ गतेबाट लागू भएको छ ।

तर एम्नेस्टी इन्टरनेसन (एम्नेस्टी)को नेपालमा खाद्य अधिकारः खाद्य अधिकार तथा खाद्य सम्प्रभूतासम्बन्धी ऐनको विश्लेषण नामक टिप्पणी तथा सुझाव पत्रले उक्त कानुन प्रभावकारी हुनका लागि यसको संशोधन जरुरी रहेको औंल्याएको छ । त्यसैगरी ऐनका प्रावधानहरूको कार्यान्वयनका लागि आवश्यक नियम तथा नियमावली बन्न पनि आवश्यक रहेको एम्नेस्टीले जनाएको छ ।

"यदि देशमा कसैले पनि भोको बस्न नपरोस् भन्ने चाहने हो भने नेपाल सरकारले कानुनलाई सुदृढ पार्नु पर्छ । नियम/नियमावली लगायतका आवश्यक संयन्त्रहरू बनाएर सबैका लागि खाद्य अधिकारलाई वास्तविकतामा बदल्नु पर्छ" एम्नेस्टी इन्टरनेसनलका दक्षिण एसिय निर्देशक विराज पटनायकले भनेका छन् ।

ऐनको कार्यान्वयनलाई कमजोर पार्न सक्ने अनावश्यक दुविधा तथा अपव्याख्या नहोस् भन्नका लागि शब्दहरूलाई स्पष्ट रूपमा परिभाषित गर्नलाई कानुन संशोधन जरुरी छ । विद्यमान कानुनलाई हेर्दा "भोक" तथा "भोकमरी" जस्ता शब्दले केलाई जनाउने हो भन्ने अस्पष्ट छ ।

आफ्नो लागि खानेकुराको जोहो गर्ने जनताको प्रयासमा सार्वजनिक अधिकारीहरूद्वारा हुने अवरोधमाथि रोक लगाउन नेपाल सरकारले अर्थपूर्ण कदमहरू चाल्नु पर्दछ । जस्तै सरकारले जनतालाई उनीहरूको भूमिबाट उठिबास लगाउने कार्यलाई रोक लगाउने तथा माछा मारेर वा जंगलबाटै खानेकुरा जोहो गरेर आफूलाई खुवाउने कुरालाई अनुमती दिनु पर्छ । कानुनमा भएको विद्यमान प्रावधानले त्यसरी खाद्यको जोहो गर्ने जनतालाई कुनै संरक्षण प्रदान गर्दैन ।

तत्काल खाद्य तथा पोषण सहायता दिएर लगायत के कसरी भोकमरीको जोखिमलाई संबोधन गर्ने हो भन्ने कुरालाई कानुनमा स्पष्ट पार्न पनि एम्नेस्टी ईन्टरनेसनलले सरकारलाई सिफारिस गरेको छ । भोकमरीको कारणले हुने कुनैपनि मृत्युलाई सरकारले छानबिन गर्नु पर्दछ ।

दलित र थारु लगायतका भूमिमा आश्रित आदिवासी जनता जस्ता सीमान्तकृत समुदायलाई कृषियोग्य जमिनमाथि पहुँच प्रदान गर्न पनि एम्नस्टी इन्टरनेसनलले आह्वान गरेको छ ।

राष्ट्रिय, प्रादेशिक एवं स्थानीय तहमा विशिष्टिकृत खाद्य परिषद् लगायतका संयन्त्रहरू स्थापित गर्न पनि टिप्पणी तथा सुझाव पत्रमा सिफारिस गरिएको छ । यस्ता परिषद् तथा "मुख्य निकाय (nodal Agencies)" लाई खाद्य अधिकारसम्बन्धी मापदण्ड निर्धारणका सम्बन्धमा सरकारलाई सल्लाह दिन सशक्तिकृत बनाइनु पर्दछ र खाद्य ऐन कार्यान्वयनका लागि बिना ढिलाई यी संयन्त्रहरूको गठन गरिनु पर्दछ ।

"भोकमरी र कुपोषणको सबै स्वरूपहरूलाई रोक्ने दायित्त्व अधिकारीहरूसँग रहेको छ । खाद्य अधिकार तथा खाद्य सम्प्रभूता ऐनका यी कमजोरीहरूलाई संबोधन नगरीकन तथा सम्बन्धित सरोकारवालाहरूसँग परामर्श नगरी देशका अनुमानित बीस लाख जनतालाई कुपोषणबाट मुक्त गराउन नेपाल सक्षम हुन सक्दैन ।" विराज पटनायक भन्छन् ।